नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् समन्वय शाखा)

इमेल: cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

पत्र संख्या : वा.त.वि.स.शा./०८१/०८२
चलानी नं. : ५८

विक्रम संवत्: २०८१/०६/२९
नेपाल संवत्: ११४४ कौलाथ्व

**विषय: मन्त्रिपरिषदको निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री महानगरपलिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।,
श्री गाँउपालिका (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. त.स./५३१/१८०१, मिति २०८१/०६/२३ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा विषयक पत्रमार्फत प्राप्त मिति २०८१/०६/२१ गतेको नेपाल सरकार मन्त्रिपरिषद्वाट भएको निर्णयको छाँयाप्रति यसैसाथ संलग्न छ। पत्रमा उल्लेख भएबमोजिम संवत् २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोले देशका विभिन्न स्थानमा ठूलो जनधनको क्षति सम्बन्धमा प्रारम्भिक अध्ययन र प्राप्त सूचनाका आधारमा यस किसिमको विपद्को अवस्था सिर्जना हुनुको मूल कारण ग्रामीण क्षेत्रमा अवैज्ञानिक र अनियन्त्रित तवरबाट सडक निर्माण, खानी उत्खनन् एवम् विकास निर्माणका अन्य कार्य गर्दा उत्पादन भएको ढुङ्गा तथा माटो समेतलाई वर्षातको पानीले बगाएर खोलामा ल्याउनु रहेको पाइएको हुँदा अब उप्रान्त स्थानीय तहमा सडक निर्माण, खानी उत्खनन् र विकास निर्माणलगायतको अन्य कार्य गर्दा गराउँदा वातावरणीय पक्षलाई ध्यानमा राखी प्राविधिक परीक्षण एवम् भौगर्भिक अवस्थासमेतको यकिन गरी सुरक्षित र व्यवस्थित तवरबाट गर्न गराउन नेपालको संविधानको धारा २३२ को उपधारा (८) बमोजिम सबै स्थानीय तहहरुलाई निर्देशन दिने निर्णयानुसार अनुरोध छ। साथै निर्णयको कार्यान्वयन अवस्थाको प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नतिजा व्यवस्थापन महाशाखा (इमेल: iprcopmcm@gmail.com र World format मा समेत) पठाउनका साथै यस मन्त्रालयमा समेत जानकारी गराउने व्यवस्था मिलाउनहुन निर्णयानुसार अनुरोध छ।

२०८१/०६/२२

(मनोज अधिकारी)
शाखा अधिकृत

दर्ता नं. ४२३५
मिति ०८१।६।९

**बोधार्थ:**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार,
श्री योजना तथा अनुगमन शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री सूचना प्रविधि शाखा, सं. मा. तथा सा. प्रशासन मन्त्रालय, (स्थानीय तहमा पत्राचार गरिदिनहुन)।